प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## प्रि-डिप्लोमा तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा बैकल्पिक उमेद्धवारको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**प्रकाशित मिति: २०८१/०७/३०**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१/०३/१५ गते प्रकाशित सूचना अनुसार मिति २०८१/०४/१२ गते संचालित प्रि-डिप्लोमा तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति छनौटका लागि तोकिएको मिति र समयभित्र Online फाराम भरेका योग्य आवेदकहरु मध्येबाट प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बिबरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८१ अनुसार प्रि-डिप्लोमा तहका विभिन्न कार्यक्रमहरुको यस कार्यालयबाट मिति २०८१/०४/२७ गते प्रकाशित नतिजा अनुसार सिफारिस गरिएको शैक्षिक संस्थामा तोकिएको समय भित्र भर्ना हुन नगई सम्बन्धित शिक्षण संस्थाहरुबाट प्राप्त हुन आएको विवरण बमोजिमका रिक्त कोटाहरुमा पुन: प्रदेश कार्यालयबाट प्रकाशित रिक्त कोटाको सूचना बमोजिम तोकिएको मिति र समय भित्र प्राप्त हुन आएका आवेदकहरुको निवेदनको योग्यताक्रम अनुसार बैकल्पिक सुचिमा रहेका तपसिल बमोजिमका परीक्षार्थीहरु सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ । वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा सिफारिस भएका परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा मिति २०८१/०८/०२ गते कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यता, नागरिकता, वर्गीकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो सो को सक्कल प्रमाणपत्र र Online छात्रवृति छनौट आबेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित भर्ना हुन जानका लागि सूचित गरिन्छ । सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम परीक्षार्थीहरु भर्ना गर्न/गराउन हुन समेत अनुरोध छ ।

**निर्देशक**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
बागमती प्रदेश कार्यालय
हेटौंडा, मकवानपुर